नेपाली राजदूतावास, अबुधाबी
Tel.: +971-2-6344767 / 6344385, Fax: +971-2-6344469
E-mail : eonabudhabi@mofa.gov.np
Website: www.ae.nepalembassy.gov.np

## प्रेस विज्ञप्ति

Ref.

संयुक्त अरब इमिरेट्स (युएइ) को दुबइमा १२-१५ फेब्रुअरी २०२३ सम्म २५ भन्दा बढी देशहरूका राष्ट्र प्रमुख/सरकार प्रमुखहरूको उपस्थितिमा ९० भन्दा बढी मुलुकहरूको सहभागितामा आयोजना भइरहेको World Government Summit 2023 मा युएइ सरकारको निमन्त्रणामा नेपाल सरकारको तर्फबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव श्री एकनारायण अर्यालको नेतृत्वमा युएइका लागि नेपाली राजदूत महामहिम श्री कृष्णप्रसाद ढकाल र मन्त्रालयका उपसचिव श्री कविराज उप्रेतीले सहभागिता जनाउनुभएको छ।

यस सम्मेलनमा दिगो विकास, सेवा प्रवाहमा नवीनतम प्रयोग, Digitalization, श्रम बजार (Labour Market), जलवायु परिवर्तनलगायतका विषयहरूमा केन्द्रित रही विभिन्न मुलुकका अनुभवहरू आदानप्रदान भइरहेको छ।

यसै सम्मेलनमा मध्यएसियाली देशहरूमा श्रम बजारको अवस्था तथा श्रमिकका हकहितका सम्बन्धमा भएको समूहगत छलफलमा नेपालको तर्फबाट मन्त्रालयका सचिव श्री एकनारायण अर्यालले भाग लिँदै नेपालले हालै वैदेशिक रोजगारसँग सम्बन्धित सेवा प्रवाहमा गरेको प्रविधिको प्रयोग, सामाजिक सुरक्षामा सबै नेपाली श्रमिकहरूको आबद्धता, न्यायोचित भर्ना (Fair and Ethical Recruitment) जस्ता विषयहरूको चर्चा गर्दै भर्ना प्रकृयालाई थप नियमित बनाउने, नेपाली श्रमिकहरूको सामाजिक सुरक्षाका विविध विषयहरूमा गन्तव्य मुलुकका सरकारहरूले ध्यान दिनुपर्ने, व्यावसायिक तालिमको महत्त्वलगायतका विषयमा आफ्नो धारणा राख्नुभएको छ।

यस सम्मेलनकै क्रममा सचिव श्री एकनारायण अर्यालले युएइका मानव संसाधन मन्त्री H. E. Dr. Abdulrahman Abdulmannan Al Awar, कतार सरकारका मानव संसाधन मन्त्री र सचिव, अन्तर्राष्ट्रिय श्रम संगठनका महानिर्देशक H. E. Mr. Gilbert Houngbo सँग समेत भेटघाट गर्नुभएको छ।

उक्त अवसरमा श्रमिकका समस्याका विषयमा स्रोत मुलुकहरूबीच साझा धारणा निर्माण गर्न बंगलादेश, पाकिस्तान, श्रीलंका र भियतनामका श्रम मन्त्रीहरू र नेपाल सरकारका सचिवबीच छलफल समेत भएको थियो।

नेपाली राजदूतावास
अबुधाबी
२०७९ फागुन २